# बुद्धभूमिले प्रस्तुत गऱ्यो १ सय १७ बुदेँ नीति तथा कार्यक्रम

कपिलवस्तु, (बुटवल टुडे) ६ असार- कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिकाको आयोजनामा भएको नगरसभाको १७ औं अधिबेशनको प्रथम बैठकमा नगर प्रमुख केशव कुमार श्रेष्ठले नगरको १ सय १७ बुदेँ निति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । बहुउद्देश्यीय सभाहल हनुमान चौकमा सम्पन्न नीति कार्यक्रममा नगर प्रमुखले प्रस्तुत गरेको नितिमा भौतिक पुर्वाधार बिकासको क्षेत्र, सार्वजनिक सेवा तथा क्षमता बिकास क्षेत्र, आर्थिक बिकास क्षेत्र, सामाजिक बिकास र बातावरण तथा बिपद व्यवस्थापनको बिषयमा केन्द्रित रहि निति कार्यक्रम प्रस्तुत गरेका थिए। श्रेष्ठले प्रस्तुत गरेको निति तथा कार्यक्रमको भोतिक पुर्वाधार तर्फ अधुरा सडक योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने, लागत साझेदारीको कार्यक्रमलाई प्राथमिकता र खरको छानामुक्त अभियानको निरन्तरता दिने जनाईको छ। त्यसै गरि सार्वजनिक सेवा प्रवाह तर्फ काम सम्पन्न भएको ७ दिन भित्र भुक्तानी प्रक्रियाको प्रबन्ध, बित्तिय अनुशासनमा कडाई, कार्य सम्पादन सम्झौता, भुउपयोग निती कार्यान्वयन, शुन्य बेरुजु निती कार्यान्वयनका क्रममा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने, छाडा चौपाया व्यवस्थापन र कार्य सम्पादन मुल्याकंनले १७ सुचकले औल्याएका कार्य गरि उच्चतम अंक हासिल गर्ने नगरको निति रहेको जनाईएको छ।




आर्थिक बिकास तर्फ एक वडा, एक उत्पादन कार्यक्रमलाई प्राथमिकता, सिचाई प्रणालीको सुधार, दुध र मासुमा आत्मनिर्भरता, पशु भ्याक्सिनेशन, माटोको गुणस्तर परिक्षण तथा जैविक कृषी कार्यलाई प्रोत्साहन, लघु उद्यमी प्रोत्साहन, पर्यटकिय पुर्वाधार निर्माण र बाल श्रम मुक्त वडालाई दिगोपना सुनिश्चित गर्ने नगरको योजना छ। सामाजिक बिकास तर्फ बालमैत्री नगर घोषणाको आधारभुत सुचक पुरा गर्दै जाने, सडक मानव र बालबालिका मुक्त पालिका बनाउने, १५ शैयाको नगर अस्पताल निर्माण पुरा गरि सञ्चालन, पोषण उपचार केन्द्र बिस्तार र खेलकुदका गतिबिधीलाई प्राथमिकता दिने जनाईएको छ। निति तथा कार्यक्रमको बातावरण तथा बिपद व्यवस्थापन तर्फ बिपद प्रतिकार्य तालिममा सहकार्य, डढेलो नियन्त्रण बारे सचेतना, निजी वन दर्तामा प्रोत्साहनको निति, वास प्लानलाई पूर्णता दिने, टोल टोलमा मासिक सरसफाई र खोला खोल्सीको जमिन क्षयिकरण न्यूनीकरणलाई प्राथमिकता दिईने उल्लेख छ। सो क्रममा बोल्दै नगर प्रमुख श्रेष्ठले बुडडी, टिक्कर बिजगौरी सडकको निर्माणका लागी संघिय बजेटको समपुरक अनुदानमा लागत साझेदारी गरिएको, बुड्डी ताल व्यवस्थापन गरि पर्यटन प्रबर्द्धन गर्ने र सबै नगर गौरवका योजनालाई क्रमशः कार्यान्वयनमा लगिएको जनाए।

अधिबेशनमा उपप्रमुख मिरा थारुले प्रस्तुत गरेको बिनियोजन बिधेयक सभाले पारित गरेको थियो। उपप्रमुख थारुले आगामी आ.व. २०८२/८३ का लागी १ अर्ब २२ करोड २२ लाख ६१ हजारको अनुमानित आय व्ययको बिवरण प्रस्तुत गरेकी थिईन। कार्यक्रममा लेखा समितिका संयोजक तथा वडा नम्बर ३ का अध्यक्ष गोबिन्द प्रसाद आचार्यले अघिल्लो आ.व. को मलेप प्रतिवेदनका आधारमा नगरको आयव्ययको बिवरण प्रस्तुत गरि बेरुजु नियन्त्रणमा ध्यान दिनु पर्ने सुझाव दिए। त्यसै गरि बिधेयक समितिका संयोजक संदिप कुमार पाण्डेयले नगरभामा छाडा पशु चौपाया व्यवस्थापन र नियन्त्रण बिधेयक २०८२ तथा नदीजन्य पदार्थ व्यवस्थापन बिधेयक २०८२ तथा नगरको स्वास्थ्य सेवा ऐन र खानेपानी सरसफाई ऐनको संसोधन प्रस्ताव पेश गरेका थिए।

## रक्तदाता अभिवृद्धि गर्न कविता प्रतियोगिता हुँदै




बुटवल, ६ असार - साहित्य क्षेत्रलाई रक्तदान कार्यक्रममा जोड्ने गरि बुटवलमा कविता प्रतियोगिता तथा स्रष्टा सम्मान कार्यक्रम गरिने भएको छ। स्टडी वर्ल्ड एजुकेशन कन्सल्टेन्सीको सहयोगमा नेपाल रक्तदाता समाज रूपन्देही शाखाको आयोजनामा रक्तदान अभियानलाई मद्यत मिल्ने गरि रक्तदाता अभिवृद्धि गर्ने, रक्तदान अभियानमा युवाहरूलाई प्रोत्साहन गर्ने विषयबस्तुलाई समेटेर तयार गरिएको कविताहरूको प्रतिस्प्रर्धात्मक प्रतियोगिता गरिने भएको हो।

नेपाल रक्तदाता समाज रूपन्देही शाखाका अध्यक्ष कृष्ण चौहान क्षेत्रीले स्वास्थ्य क्षेत्रलाई साहित्यमा जोडेर पहिलोपटक असार १४ गते शनिबार कार्यक्रम गर्न लागेको बताए। नयाँ पुस्तामा रक्तदानबारे सकारात्मक सोच विकास भइरहेको भन्दै युवाहरूलाई कार्यक्रमबाट थप हौसला मिल्ने उनले बताए। मौलिक कवितालाई प्राथमिकता दिने, साभार नभएको, ब्यक्ति, भाषा, जाती, गद्य र पद्यमा प्रस्तुत गर्न सकिने उनले बताए। साहित्य क्षेत्रमा योगदान दिएका ३ जना स्रष्टालाई समेत गरिने भएको छ।

कार्यक्रमको संयोजक तथा संस्थाका महासचिव प्रशन्न श्रेष्ठले नया रक्तदाता निमार्णमा युवाहरूहरूको भुमिका र योगदान विषयका कवितालाई विशेष महत्व दिने बताए।

प्रतियोगिताको प्रथम पुरस्कार राशी ५ हजार, दोस्रो ३ हजार र तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई नगद २ हजार रूपैयाँ, प्रमाणपत्रबाट पुरस्कृत गरिने उनले बताए।

मिलनचोक स्थित सिद्धार्थ कटेजमा हुने प्रतियोगितामा निर्णायकहरू गिरि श्रीस मगर, ईन्दिरा अर्याल, डा सन्तोष पोखरेल रहने छन्।


## सार्वजनिक सुचना

**सूचना प्रकाशित मितिः २०८२।०३।०४**

यस श्री सगरमाथा कृषि सहकारी संस्था लि. को नाममा रहेको पश्चिम तर्फ को जग्गा ७क उत्तर अन्तरगतको नक्सामा रहेको कि. नं. ८२५ मा ०-८-४ र कित्ता नं ८२६ मा १-०-० रहेको जग्गा विक्रि गर्नु पर्ने भएको हुँदा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस श्री सगरमाता कृषी सहकारी संस्था लि. रहेको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

नोटः जग्गा विक्रि गर्दा सहकारीका शेयर सदस्यलाई प्राथमिकता दिनईने छ।

**बुद्धिराज न्योपाने**
**अध्यक्ष**
**श्री सगरमाथा कृषि सहकारी संस्था लि.**
**शुद्धोधन गाउपालिका वडा नं. - १, बगदी, कपिलवस्तु**
**सम्पर्कः ९८६७१५९१९४**



## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशन मितिः २०८२।०३।०७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ. व. ०८१/८२ मा संकलन भएको खयर जातको गोलिया ४९२.७८ क्यू. फि. काठ (स्यापउड सहित) लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री लामटाङ्ग सा.व.उ.स.**
**रामपुर - ३, पाल्पा ।**



## काठ/दाउरा बोलपत्र द्वारा लिलाम विक्रिको सूचना

**सूचना प्रकाशित मितिः २०८२।३।७ गते**

यस श्री तोपढुङ्गा सा. व. उ. स. भेरी गंगा २ सुर्खेतको वनक्षेत्रबाट उत्पादित संकलित विभिन्न जातका काठ ३०६.६२ क्यूफिट जे जस्तो अवस्थामा छ आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले ईच्छुक सुचिकृत समिल, फर्म वा कम्पनीले यो सुचना प्रकासित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारी समुहको कार्यालय र डिभिजन वन कार्यालय सुर्खेतमा टाँस गरिएको छ ।

| प्रजाती | ग्रेड A | परिमाण | ग्रेड B | ग्रेड C | ग्रेड D | जम्मा |
|---|---|---|---|---|---|---|
| खयर | ३४५ | ३०६.६२ | ० | ० | ० | ३०६.६२ |

**श्री तोप ढुङ्गा सा. व. उ. स.**
**भेरीगंगा - २, काल्पानी, सुर्खेत**



## श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको सुचना

**मुद्दा नंः** ०८१-C४-००९२ **मुद्दाः** चेक अनादर **फाँटः** सामान्य ४ (क)

**श्री जिल्ला जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं.०४ रातो पुल स्थित अशीक कन्ट्रक्शनका संचालक ऐ. ऐ. बस्ने मान बहादुर क्षेत्रीको छोरा अ. वर्ष ४० को टेक बहादुर क्षेत्रीको नाउँमा जारी भएको २१ (एक्काईस) दिने म्याद सुचना**................................

वादी पर्मिला कान्दु र प्रतिवादी टेक बहादुर क्षेत्री समेत चेक अनादर मुद्दामा यस अदालतबाट तपाईका नाममा जारी भएको म्याद बदर भएकोले यस अदालतको मिति २०८२/०१/०४ को आदेशानुसार तपाईको नाउमा यो म्याद सुचना प्रकाशित गरिएको छ । यो म्याद सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिन भित्र भए सबुत प्रमाण लिई अदालत खुलेको समयमा आफैं तथा कानून बमोजिमको प्रतिनिधी मार्फत प्रतिउत्तरपत्र लिई यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

**ईति संवत् २०८२ साल असार ७ गते रोज ७ मा शुभम्**



## अनुसूची-१५
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**लट नं. ५ को हकमा दोश्रो पटक र अन्यको हकमा पून: प्रथम पटक**
**सूचना प्रकाशन मिति २०८२/०३/०७**

जनज्योति सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-०३, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व. २०८०।८१ र आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा विभन्न लट बनाई राखिएको साल, अस्ना, कर्मा, जामुन लगायत जातको गोलिया थान १८५२ को १८३००.४१ क्यु.फि. काठ र ३९ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनज्योति सामुदायिक वन उपभोक्ता समूह,**
**बुद्धभुमि न.पा -03, कपिलवस्तु**



## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशन सूचना

**यस ॐ जय मोटर्स प्रा. लि. बाट बिक्री वितरण हुने देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

| सि. न. | मालवस्तुको विवरण | ब्रान्ड | मोडल | क्षमता | उत्पादक राष्ट्र | ईकाइ | प्रती ईकाइ मुल्य | अधिकतम खुद्रा मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | Electric Rickshaw Complete Set with charger | OM Jaya Motors | FT3 | 1200 Watt | China | Set | २५५,००० /- | २५५,००० /- |

**विक्रेताको नामः om jaya motors pvt. Ltd.** **Phone No. 9858477715**
**Exim Code: 6096882650106Np** **ठेगानाः धनगढी–८, बुद्ध चोक , कैलाली, नेपाल**


## सुन तस्करी प्रकरणमा फरार अमला रोक्का पक्राउ

काठमाडौं, ६ असार - ६१ किलो सुन तस्करी प्रकरणमा फरार रहेकी अमला रोक्का आज पक्राउ परेकी छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले उनलाई काठमाडौंको टोखाबाट पक्राउ गरेको हो। अमला रोक्का यसअघि नै सुन तस्करी आरोपमा पक्राउ परेका बेल्जियमका नागरिक दावा छिरिङकी श्रीमती हुन् । लामो समयदेखि फरार सूचिमा रहेकी उनीमाथि तस्करीमा संलग्नता रहेको आशंकामा खोजी भइरहेको थियो। प्रहरीले घटनाबारे थप अनुसन्धान अघि बढाएको छ। उक्त सुन प्रकरण नेपालका हालसम्मका ठूलो तस्करी घटनामध्ये एक मानिन्छ, जसमा संलग्न दर्जनौं व्यक्ति पक्राउ परिसकेका छन् । अनुसन्धान ब्युरोको टोलीका अनुसार अमला रोक्कालाई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा बुझाउने तयारी भइरहेको छ।


## ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
**प्रधान कार्यालय, बुटवल**

## दशौं वार्षिक साधारण सभा सम्बन्धी अत्यन्त जरूरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०३/०७)**

यस संस्थाको मिति २०८२/०३/०५ गते बसेको सञ्चालक समितिको २६० औं बैठकको निर्णयानुसार संस्थाको दशौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा भौतिक उपस्थिति र विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा (६७) तथा संस्थाको नियमावलीको नियम (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८२ असार २८ गते शनिवार (तदनुसार जुलाई १२, २०२५)

**समय** : विहान ११:०० बजे।

**स्थान** : ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, प्रधान कार्यालय बुटवल। साधारण सभा भौतिक उपस्थिति र विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन हुनेछ। साथै, साधारण सभाको भर्चुअल मिटिङ्गको लिङ्क शेयरधनी महानुभावहरूले उपलब्ध गराएको ईमेल ठेगानामा पठाइनेछ।

**छलफलका विषय सूचीहरूः**

**(क) साधारण प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०८०/८१ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/८१ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को बाह्य लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति साधारण सभाले गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**(ख) विशेष प्रस्ताव :**

१. यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित गर्ने।

२. यस वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु.९८,२५,००,०००।- रहेको र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको जारी तथा चुक्ता पुँजी रु.२,२८,५०,०००।- रहेको र मर्जर पश्चात शेयर संरचनामा परिवर्तन हुने भएकोले प्रबन्धपत्रको सम्बन्धित दफाहरूमा भएको व्यवस्था संसोधन गर्ने।

३. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि मूल्यांकनकर्ता NB Rokaya and Associates बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त गाभ्ने/गाभिने (मर्जर) समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ता बराबर एक कित्ता) शेयर कायम गर्ने गरी दुबै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्न स्वीकृति प्रदान गर्ने।

४. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागी दुबै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त लेखापरीक्षक/मुल्याङ्कनकर्ता NB Rokaya and Associates को नियुक्ति, निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने।

५. यस संस्थाको मिति २०८१ असार १५ गते सम्पन्न नवौं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव नं. १ बमोजिम ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मिति २०८१/११/१७ गते (Memorandum of Understanding) समझदारीपत्रमा दस्तखत गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र लगायत भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरू गर्न र सो सम्बन्धमा भएका सम्पूर्ण खर्चहरू अनुमोदन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

६. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृतिमा उल्लेख भई आए बमोजिमको नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने।

७. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा पुँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफा तथा नियमहरू समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविधः**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्वन्धमा अन्य थप जानकारीः**

१. दशौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०३/१५ गते १ दिन यस वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहने छ।

२. मिति २०८२/०३/१३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई शेयर नामसारी भएका शेयरधनीहरू मात्र संस्थाको दशौं वार्षिक साधारण सभामा सहभागी हुन योग्य हुनेछन्।

३. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. र शेयर संख्याको विवरण वा परिचय खुल्ने कुनै आधिकारिक प्रमाणपत्र सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनु पर्नेछ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्ने छ। भौतिक रूपमा उपस्थित् हुन नसक्ने शेयरधनी महानुभावहरू विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट साधारण सभामा सहभागी भई दिनुहुन अनुरोध छ।

४. विद्युतीय/भर्चुअल (Zoom) माध्यम मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई संस्थाको तर्फबाट User ID/Password उपलब्ध गराइनेछ। साधारण सभा शुरु हुनु भन्दा एक घण्टा अगावै विद्युतीय/भर्चुअल (Zoom) प्रणाली खुल्ला गरिनेछ। सो समय अगावै सभामा सहभागी हुन चाहने शेयरधनीहरूले संस्थाबाट प्रदानगरिएको User ID /Password को माध्यमबाट Login गरी आफ्नो परिचय, शेयरधनी नं./हितग्राही खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनुपर्नेछ।

५. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरूको हाजिरी निजहरूले गरेका Login मार्फत Login भएको देखिने गरी प्रमाणका निमित्त फोटो खिचेर तथा सभा संचालन अवधिभरको भिडियो रेकर्ड गरेर राखिनेछ। यस किसिमको उपस्थितिलाई सभाहलमा उपस्थित भए सरहको मान्यता दिइनेछ।

६. विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट वार्षिक साधारण सभामा भाग लिंदा/प्रोक्सी दर्ता गर्दा आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

७. शेयरधनी महानुभावहरूले छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तर्गत वित्तीय संस्था सम्वन्धी केही जिज्ञासा भए साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिवको इमेल मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ। साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले संस्थाको अर्को शेयरधनीलाई तोकिएको ढाँचा (प्रोक्सी नियुक्तिको निवेदनको ढाँचा संस्थाको वेबसाइटमा राखिएको छ) बमोजिमको प्रोक्सी फाराम भरी प्रतिनिधि नियुक्त गरी सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८२/०३/२६ गते बिहान ११:०० बजे भित्र संस्थाको प्रधान कार्यालय, बुटवलमा दर्ता गराई सक्नुपर्नेछ।

८. संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न र एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन, त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। रितपूर्वक नियुक्त भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र सभामा सहभागी गराइनेछ।

९ संयुक्त रूपमा शेयर खरिद गरेको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत रूपमा नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्।

१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूको तर्फबाट यस संस्थाको शेयर लगत कितावमा संरक्षकको रूपमा नाम भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न पाउनेछन्।

११. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाहरूद्वारा मनोनित व्यक्तिले ल्याउने प्रतिनिधि (प्रोक्सी) फाराममा संस्थाको छाप भएको हुनुपर्नेछ।

१२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहनेछ।

१३. शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

१४. शेयरधनी महानुभावहरूले कम्पनी ऐन,२०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/८१ को वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारीहरू संस्थाको वेबसाइट www.gblbs.com.np बाट प्राप्त गर्न सकिनेछ।

१५. शेयरधनी महानुभावहरूले संस्थाका कम्पनी सचिवको इमेल katuwalshyam63@gmail.com मार्फत समेत आफ्नो सुझाव तथा जिज्ञासा राख्न सक्नु हुनेछ।

१६. साधारण सभामा सहभागी भए वापत कुनै किसिमको खर्च रकम संस्थाले प्रदान गर्ने छैन। साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समय भित्र संस्थाको प्रधान कार्यालयको फोन नं. ०७१-४३८९५२/४३८९५१ मा सम्पर्क राख्न सकिनेछ।